# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः 14/ ०८०/ ०८१ मितिः२०80/ ०9/ 09

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थितिः

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | अनुपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

आमन्त्रित

| | | |
|---|---|---|
| लेखा अधिकृत | श्री विपिन लम्साल | उपस्थित |
| योजना शाखा प्रमुख | श्री हिमराज सेडाई | उपस्थित |
| कानून अधिकृत | श्री प्रसून शर्मा | उपस्थित |

**बैठक संख्या १४/०८०/०८१ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०९/०९**

मिति २०८० साल पौष ९ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

**१. समिक्षा सम्बन्धमा ।**

अघिल्लो कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

**२. प्रमाणित मौज्दातको निकासा सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष ०७९/०८० को नदीजन्य पदार्थको उत्खनन तथा विक्री सम्बन्धि ठेक्काको इजाजत प्राप्त ठेकेदार एनआरएनएन कन्क्रिट उद्योग प्रा.लि.ले ठेक्का अवधिमा उत्खनन भई विक्री गर्न बाँकी नदीजन्य पदार्थको मौज्दात प्रमाणिकरणका लागि निवेदन दिएकोमा मिति २०८०/०३/०६ गते मौज्दात प्रमाणिकरण भएको । उक्त निवेदनको सम्बन्धमा यस नगर कार्यपालिकाको मिति २०८०/०३/१३ गतेको बैठकमा छलफल हुँदा निज ठेकेदारले सम्झौता बमोजिम बुझाउनुपर्ने रकम नबुझाएका कारण निजको बैंक जमानतबाट रकम प्राप्त गर्ने सम्बन्धमा ठेकेदार पक्षले यस अर्जुनधारा नगरपालिका समेतलाई विपक्षी बनाई सम्मानित उच्च अदालत विराटनगरको इलाम इजलाशमा मुद्दा दायर गरी सो मुद्दा विचाराधिन रहेको हुँदा उक्त मौज्दातलाई निकासी दिने विषयलाई यथास्थितिमा राख्ने भनी निर्णय भएको ।उक्त निर्णयका विरुद्ध पुनः ठेकेदार पक्षले यस अर्जुनधारा नगरपालिका समेतलाई विपक्षी बनाई सम्मानित उच्च अदालत विराटनगरको इलाम इजलाशमा मुद्दा दायर गरेकोमा ठेकेदार पक्षबाट दायर भएको बैंक जमानत सम्बन्धि मुद्दामा सम्मानित उच्च अदालतबाट नगरपालिकाको पक्षमा फैसला भई नगरपालिकाले प्राप्त गर्नुपर्ने रकम प्राप्त गरेको र स्टक प्रमाणिकरण सम्बन्धि मुद्दा निवेदक ठेकेदारले सम्मानित अदालतबाट फिर्ता लिएको । निवेदक ठेकेदारले मुद्दा फिर्ता लिई पुनः स्टक प्रमाणिकरण गरिपाउँ भनी मिति २०८०/०5/19 तथा मिति 2080/07/19 गते निवेदन दिएकोमा निजको प्रमाणिकरण भएको स्टक निकासा दिन मिल्ने नमिल्ने, वा, कुन दरमा दिनेभन्ने विषयमा स्पष्ट हुनका लागि कानुनी रायका लागि जिल्ला सरकारी वकिल कार्यालय, भद्रपुर, झापासँग समन्वय हुँदा श्री महान्यायाधिवक्ताको कार्यालयको च.नं. 471 मिति 2075/05/29 र च.नं.182 मिति 2080/05/04 तथा गतेको पत्रबाट स्थानीय तहलाई कानुनी राय परामर्श तथा प्रतिरक्षा नगर्न परिपत्र भएको भन्ने जानकारी भएको हुँदा सो सम्बन्धमा नगरपालिकाका कानुनी सल्लाहकार श्री चित्रबहादुर मगरबाट कानुनी राय माग गर्ने भनी मिति 2080/07/20 गतेको नगर कार्यपालिकाको बैठकबाट निर्णय भई रायका लागि कार्यालयबाट पत्राचार हुँदा कानुनी सल्लाहकारबाट मुख्य रुपमा देहाय बमोजिमको राय प्राप्त भएको:

- अर्जुनधारा नगरपालिकाको मिति 2080/03/06 गतेको stock verification field report बाट ठेकेदार एनआरएनएन कन्क्रिट उद्योग प्रा.लि.ले 30200 घ.मि. नदिजन्य पदार्थ स्टक गरेको भन्ने देखिएकोबाट मौज्दात रहेको नदिजन्य पदार्थ यस कार्यालय र ठेकेदार पक्षबिच 2079/08/27 मा सम्झौतामा उल्लेख भएको परिमाण 2,26,272 घ.मि.मध्येकै हो भनी अन्यथा प्रमाणित नभएसम्म मान्नुपर्ने ।उक्त मौज्दात नदीजन्य पदार्थको उत्खनन तथा विक्री सम्बन्धि सम्झौतामा उल्लेख भएको दररेटमा खरिद गरिसकेको भन्ने देखिएको ।

- तत्कालिन अवस्थामा विवादमा रहेको बैंक जमानत यस नगरपालिकाले खिचि सकेको र सो सँग सम्बन्धित मुद्दा ठेकेदार पक्ष फिर्ता भई मुद्दा अन्तिम भएको हुंदा यस नगरपालिकाको कार्यपालिकाको मिति 2080/03/13 गतेको निर्णयलाई कार्यान्वयन गर्न कानूनतः मिल्ने ।

- यस नगरपालिकाले गत आर्थिक वर्षको मौज्दात विक्री गर्ने नभई यस नगरपालिकाको मिति 2080/03/06 को ठेकेदारको बाँकी रहेको स्टक भेरिफिकेशन फिल्ड रिपोर्टमा देखिएको 30200 घ.मि. लाई फिल्ड रिपोर्टको आधारमा प्रमाणिकरण गरी ठेकेदारलाई निकासी अनुमति दिनुपर्ने ।

- ठेकेदार पक्ष र यस नगरपालिका बिच विभिन्न मुद्दा मामिला परी असहज परिस्थिति सृजना भई नदिजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तिममा शुन्य हुन नसकेको,

- जिल्ला समन्वय समितिको मिति 2080/08/17 गतेको च.नं.93 को पत्रबाट जिल्ला अनुमगन समितिको मिति 2080/07/17 गतेको निर्णय बमोजिम ठेकेदारको 30200 घ.मि. बराबरको परिमाण प्रति क्यू फि. 0.50/- (पचास पैसा) शुल्क लिई प्रमाणिकरण गरी सहजिकरण गरिदिन पत्राचार भई आएको र कोशी प्रदेशको आर्थिक ऐन,2080 को दफा 7, अनुसुची ५ को सि.नं.5 मा समेत गत आर्थिक वर्षको नदिजन्य पदार्थको स्टक प्रमाणिकरणका लागि शुल्क प्रति क्यू.फि. 0।50/- (पचास पैसा मात्र) का दरले तोकिएको ।

- उपर्युक्त कानुनी व्यवस्था बमोजिम नगरपालिकाले नाँपजाँच तथा मूल्याङ्कन गरेको 30,200/- घ.मि. नदिजन्य पदार्थ निकासीका लागि अनुमति दिँदा कानुन सम्मत देखिने ।

कानुनी सल्लाहकारबाट प्राप्त उपर्युक्त बमोजिमको कानुनी रायबाट उक्त नदिजन्य पदार्थ निकासीका लागि अनुमति दिँदा कानुन सम्मत देखिने राय प्राप्त भएको,नगरपालिकाबाट निज ठेकेदारको बैंक जमानतबाट रकम खिच्दा समेत निजसँग भएको सम्झौता बमोजिम बराबरको रकम मात्र खिचिएको तथा जिल्ला समन्वय समितिको च.नं.93 मिति 2080/08/17 गतेको पत्रबाट एनआरएनएन कन्क्रिट उद्योगले गत आर्थिक वर्षको ठेक्का बमोजिम मौज्दात गरि राखेको नदिजन्य पदार्थलाई प्रदेश आर्थिक ऐन,2080 को अनुसुची ५ को सि.नं. 5 बमोजिम प्रति घ.फि.0।50 पैसा शुल्क लिई निकासीका लागि सहजीकरण हुन पत्राचार भएको हुंदा यस नगरपालिकाको गत आर्थिक वर्ष 2079/080 को मिति 2080/03/06 गते प्रमाणिकरण भएको एनआरएनएन कन्क्रिट उद्योग प्रा.लि. ले मौज्दात गरी राखेको 30,200 घ.मि. नदीजन्य पदार्थको मौज्दात निकासीका लागि अनुमति दिने निर्णय गरियो ।

३. **आयोजना छनौट सम्बन्धमा ।**

नेपाल सरकार, सडक बोर्ड नेपालबाट चालु आर्थिक वर्ष ०८०/०८१ मा स्थानीय सडक मर्मत सम्भार कार्यका लागि रु ६८ लाख बजेट स्वीकृत भई आएको हुँदा उक्त बजेटमा नगरपालिकाको तर्फबाट साझेदारी गर्नुपर्ने रकम नगरपालिकाको साझेदारी कोषबाट विनियोजन गरी उक्त बजेटबाट देहाय बमोजिमको सडक मर्मत सम्भार सम्बन्धि कार्य गर्ने गरी आयोजना छनौट गर्ने निर्णय गरियो ।

१. शहिद राजन गिरी मार्गको मदनपुर-साधुटार (वडा नं १) तथा लक्ष्मीपुर (वडा नं ५) खण्ड मर्मत

२. वडा नं ९ को रेखा खोलादेखि वडा नं १० को हिलेखोलासम्म जोड्ने सडक मर्मत

३. वडा नं ७ को दाहालचौक देखि पौडेल चौको जोड्ने सडक मर्मत

४. **साझेदारी रकम विनियोजन सम्बन्धमा ।**

कोशी प्रदेश सरकारबाट यस अर्जुनधारा नगरपालिका वडा नं ८ मा रहेको शनिश्चरे माध्यमिक विद्यालयमा नमुना विद्यालय विकास कार्यक्रम स्वीकृत भई बजेट विनियोजन भएकोमा सो कार्यक्रम अन्तर्गत स्थानीय तहको तर्फबाट साझेदारी गर्नुपर्ने २५ प्रतिशत रकम नगरपालिकाको साझेदारी कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।साथै, अर्जुनधारा नगरपालिका वडा नं १० मा रहेको श्री सिंहवाहिनी आधारभुत विद्यालयको शैक्षिक तथा भौतिक विकासका लागि स्थानीय तहको २० प्रतिशत लागत साझेदारीको प्रतिबद्धता सहित नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

५. **साझेदारी कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत साना व्यववसायिक कार्यक्रम (कृषि तथा पशुपालनमा आधारित उद्यमशिलता विकास ) का लागि रु ५० लाख बजेट विनियोजन भएकोमा उक्त बजेट कार्यान्वयनका लागि देहाय बमोजिमको कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| जम्मा लागत | रु ३ करोड<br>(चालु आ.व. मा रु ५० लाख) |
| अवधि | ३ वर्ष |
| कुल लाभान्वित घरधुरी | २०९३५ |
| प्रत्यक्ष समेटिने घरधुरी | १००० अनुमानित |
| अप्रत्यक्ष समेटिने घरधुरी | २५०० अनुमानित |
| युवा लक्षित कार्यक्रमबाट समेटिने युवाहरु | १५० अनुमानित |

६. **सडक बत्तिको रकम भुक्तानी सम्बन्धमा ।**

नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्रबाट यस नगरपालिका अन्तर्गतका सडक बत्ति प्रयोग बापतको शुल्क रु १८२१३५/- (एक लाख बयासी हजार एक सय पैतीस रुपैया मात्र) भुक्तानीका लागि लेखी आएको हुँदा सडक बत्ति प्रयोग बापतको उक्त शुल्कको भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

७. **नाँपजाँच सम्पन्न भएका फायलहरु सिफारिस सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिका वडा नं ११ मा रहेका १२ जना अव्यवस्थित बसोवासीहरुको लगत बमोजिम प्राविधिकहरुबाट नाँपजाँचको कार्य सम्पन्न भई जग्गाधनीपुर्जाको आगामी प्रक्रियाका लागि वडा समितिबाट सिफारिस भई आएको हुँदा आगामी प्रक्रियाका लागि राष्ट्रिय भूमि आयोग जिल्ला समिति झापामा पठाउने निर्णय गरियो ।

८. **विविधः**

(१) अर्जुनधारा नगरपालिका ६ नं वडा कार्यालयको च.नं. १८५७ मिति २०८०/०८/२३ गतेको सिफारिस पत्र बमोजिम चालु आर्थिक वर्षको अ.ल्या. बजेटबाट कार्यान्वयन हुनेमानबहादुर नेपालको घर पश्चिम उत्तर र दक्षिणका बाटोहरु स्तरोन्नतीलाई संशोधन गरी दधिराम रिमालको घरदेखि उत्तर तिनपैनी उत्तर नाला निर्माण कायम गर्ने निर्णय गरियो ।

(२) अर्जुनधारा नगरपालिका वडा नं १ मा चासोक ताम्नाङ्गको अवसरमा आयोजना हुने साँस्कृतिक कार्यक्रम सञ्चालनका लागि नगरपालिकाको प्रस्तावनामा आधारित कार्यक्रमबाट रु १ लाख ६० हजार उपलब्ध गराउने निर्णय गरियो ।साथै, प्रहरी चौकी शनिश्चरेको भवन मर्मत तथा छाना फेर्नका लागि प्रस्तावनामा आधारित कार्यक्रमबाट रु १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

(३) अर्जुनधारा नगरपालिकाका सामुदायिक वन उपभोक्ता समूहहरुको वस्तुगत विवरण(प्रोफाइल) निर्माण गर्नका लागि प्रस्तावनामा आधारित कार्यक्रम शीर्षकबाट रु ४ लाख विनियोजन गर्ने निर्णय गरियो ।